## संविधानसभा

# मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

## विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन

## २०६६



**संविधानसभा**

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति**

**सिंहदरवार, काठमाडौं**

# संविधानसभा
# मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
## विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको
## प्रतिवेदन, २०६६

संविधानसभा
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
संसद-भवन, सिंहदरवार, काठमाडौं

# आफ्नो भनाइ

**सम्माननीय अध्यक्षज्यू,**
संविधानसभा ।

नेपाली जनताले मर्यादित, स्वाभिमानी र मानवीय मूल्य मान्यतासहितको जीवन यापन गर्न पाउनुपर्दछ भन्ने पवित्र भावनाकासाथ जनताको मुक्ति, मानव अधिकारको सुनिश्चितताकासाथै लोकतान्त्रिक पद्धतिको स्थापना र विकासको लागि विगतमा भएका सवै आन्दोलनहरूमा सहभागी हुनुहुने आम जनताप्रति उच्च सम्मान व्यक्त गर्दछु । र, लोकतन्त्रका लागि विगतमा भएका सबै आन्दोलन र संघर्षहरूको क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण शहीदप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्दछु ।

**अध्यक्ष महोदय,**

संविधानसभा नियमावली, २०६५ को नियम ६६ ले व्यवस्था गरेका विभिन्न समितिमध्ये मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति एक विषयगत समिति हो । उक्त नियमावलीको नियम ६६ ले मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र देहाय बमोजिम तोकेको छः-

- मौलिक अधिकारको पहिचान
- मौलिक अधिकारमा बन्देजका आधारहरू
- मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी व्यवस्था
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू
- महिला, बालबालिका, युवा, मजदूर, किसान, मधेशी, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र, अपाङ्ग, मुस्लिम लगायत सबै अल्पसंख्यक समुदायको हक हितको विशेष संरक्षण सम्बन्धी व्यवस्था
- नागरिकता सम्बन्धी व्यवस्था
- समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

प्रस्तुत कार्यक्षेत्र अन्तर्गत रही नियमावलीको नियम ७३(१) (घ) बमोजिम अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्ने सन्दर्भमा थप हुन आएका "मौलिक कर्तव्य" तथा "राज्यको दायित्व" समेतका विषयमा प्रारम्भिक मस्यौदा र अवधारणापत्र सहितको प्रतिवेदन संविधानसभा समक्ष प्रस्तुत गर्ने समितिको कार्यक्षेत्र रहेको छ ।

उपर्युक्त कार्यक्षेत्रलाई समितिले अनुसूची-५ मा उल्लिखित उपसमितिहरू मार्फत सम्बोधन गरी सैद्धान्तिक अध्ययन एवं सम्बन्धित कानूनी व्यवस्था र विभिन्न दस्तावेजको पुनरावलोकन र विश्लेषणका साथै जनमत तथा सुझाव समेत माथि छलफल एवं विज्ञहरूसँग परामर्श गरी निष्कर्षतर्फ जाने कार्य गऱ्यो । तत्पश्चात समितिद्वारा उपसमितिका संयोजकहरू समेत पदेन सदस्य रहने गरी १३ सदस्यीय अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा उपसमिति गठन गऱ्यो ।

प्रतिवेदन तयारीको क्रममा समितिका जम्मा ४८ वटा बैठक सम्पन्न भए। यस क्रममा छलफल गर्न समितिमा जम्मा १३१ घण्टा ४५ मिनेट र उपसमितिहरू समेतको छलफलको समय जोड्दा ४ सय ७८ घण्टा ३० मिनेट छलफल गरिएको थियो। समिति तथा उपसमितिका बैठक संख्या एवं लागेको समय समेतको विस्तृत विवरण अनुसूची-७ र ८ मा दिइएको छ। त्यसैगरी परामर्श गरिएका विज्ञहरूको नाम र संस्था अनुसूची-११ मा उल्लेख गरिएको छ। प्राप्त सुझावतर्फ सचिवालयबाट २०६५ फाल्गुण-चैत्रमा गरिएको राय सुझाव तथा जनमत संकलन कार्यक्रम अन्तर्गत प्रश्नावली भराई प्राप्त भएको सुझाव संख्या २८,१०९, टोलीलाई लिखित रुपमा बुझाइका सुझाव संख्या ४,११७ समेत जम्मा सुझाव संख्या ३२,२२६, नागरिक सम्बन्ध समिति मार्फत प्राप्त सुझाव संख्या ४०,८२६ र समितिलाई सोझै लेखेर तथा इमेल मार्फत प्राप्त सुझाव संख्या १८,८३४ समेत कूल जम्मा ९१,८८६ वटा सुझाव प्राप्त भएका थिए।

सबै विषयगत उपसमितिका प्रतिवेदन, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय अनुबन्धहरू, विभिन्न मुलुकका संविधानहरूको तुलनात्मक अध्ययन, नेपालको संवैधानिक अभ्यास तथा विशिष्ठ अवस्था समेतका आधारमा सचिवालयको संलग्नतामा तयार पारिएको मस्यौदा समिति समक्ष पेश भएपछि समितिमा विस्तृत छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ। समितिको अवधारणा र मस्यौदासहितको प्रतिवेदन तयारीको क्रममा जनताका सुझावहरूलाई केन्द्रविन्दुमा राख्दै संविधानसभाका अन्य समितिबाट प्राप्त सुझाव र सिफारिसलाई समेत अध्ययन र विश्लेषण गरी समावेश गरिएको व्यहोरा यस सभा समक्ष जानकारी गराउन चाहन्छु।

**अध्यक्ष महोदय,**

समितिको कार्यक्षेत्र अन्तर्गतको अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्न तोकिएका चारवटा क्षेत्रका वारेमा गरिएका छलफल र निकालिएका निचोडको वारेमा केही कुराहरू राख्ने अनुमति चाहन्छु।

नेपालको भू-राजनीतिक विशिष्ट अवस्था, भूगोल र जनसंख्याको दृष्टिले विशाल दुई छिमेकी, छिमेकी राष्ट्रहरूसँगको साँस्कृतिक समानता, खुल्ला सीमाना जस्ता विभिन्न आधारले नेपालको लागि नागरिकता सम्बन्धी विषय ज्यादै संवेदनशील रुपमा रहेको छ। संविधानमा नै नागरिकता सम्बन्धमा स्पष्ट र सुसङ्गत नीति कायम गरी नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, अखण्डता र नेपाली जनताको अगाध राष्ट्र प्रेमलाई अक्षुण्ण राख्न कठोर नीति अवलम्बन गर्दै नागरिकताका सम्बन्धमा अवधारणा पत्र तथा प्रारम्भिक मस्यौदा तयार गरिएको छ।

राष्ट्रको विशिष्ट भू-राजनीतिक अवस्था र समानता दुईवटा असाध्यै संवेदनशील र महत्वपुर्ण पक्षलाई अगाडि राखेर समितिले नागरिकताको विषयमा छलफल प्रारम्भ गरेको थियो। वंशजको आधारलाई नै नेपाली नागरिकता प्राप्तिको प्रमुख आधारको रुपमा व्यवस्था गर्दै नेपाली नागरिकका सन्तानले आमा र बाबुका आधारमा विना लैङ्गिक भेदभाव समान आधारमा नागरिकता प्राप्त गर्न सक्ने, नेपाली नागरिकहरूलाई लैङ्गिक पहिचान सहित सहज र सरल रुपमा नागरिकताको प्रमाणपत्र उपलव्ध हुने तथा अङ्गीकृत नागरिकताको सन्दर्भमा अनुदार हुने विषयमा समिति एक मत रह्यो। यही निचोडलाई केन्द्र विन्दुमा राखेर यो मस्यौदा तयार गरिएको कुरा म सम्माननीय अध्यक्षमार्फत यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु। मूल निचोडमा सहमत हुँदाहुँदै पनि समितिले पारित गरेको प्रावधानमा केही माननीय सदस्यहरूको फरक मत रहेको कुरा जानकारी गराउँदै उक्त मतहरू यही प्रतिवेदनको पाटोको रुपमा समावेस गरिएको पनि अवगत गराउन चाहन्छु।

**अध्यक्ष महोदय,**

राज्य विरुद्ध नागरिकलाई प्राप्त उच्चकोटीका अधिकारहरूलाई संविधानद्वारा नै प्रत्याभूत र संरक्षित गरी संवैधानिक सुनिश्चितता प्रदान गर्ने सन्दर्भमा समितिले नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लिखित २० वटा मौलिक हकको दायरा विस्तार गरी यो प्रतिवेदनमा ३१ वटा हकलाई मौलिक हकको रुपमा पहिचान गरी प्रस्ताव गरेको छ । मानव अधिकारको प्रथम पुस्ताका अधिकार मानिएका नागरिक तथा राजनीतिक प्रकृतिका अधिकारहरू मौलिक हकको रुपमा प्रत्याभूत गर्ने प्रचलन भए तापनि हाम्रो जस्तो विकासोन्मुख मुलुकमा केवल नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चितताले मात्र जनअपेक्षा पूरा हुन नसक्ने तथ्यलाई समेत हृदयङ्गम गर्दै कतिपय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई पनि मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ । यस्ता हकको उपभोगको लागि राज्यले आवश्यक साधन, स्रोत र पूर्वाधारको व्यवस्था गर्नुपर्ने हुन्छ । यसका लागि उपयुक्तताको मान्यताका आधारमा राज्यले त्यस्ता अधिकारहरूको प्रगतिशील कार्यान्वयन गर्नुपर्ने मान्यतालाई समितिले अङ्गीकार गरेको छ ।

असीमित जनअपेक्षा र राज्यको सीमित क्षमताका बीचमा समुचित सामञ्जस्यता कायम गर्दै मौलिक हकका विषयहरू पहिचान गर्ने काम पक्कै पनि सहज थिएन । तर पनि जनअपेक्षालाई सम्बोधन गर्ने सन्दर्भमा राज्यमा उपलब्ध साधन र स्रोतको न्यायोचित व्यवस्थापनकासाथै थप साधन स्रोत समेतको पहिचान र परिचालन गरेर जनताका आधारभूत अधिकारलाई मौलिक हकको रुपमा नै संरक्षित गरिनुपर्दछ भन्ने समितिको निचोड रहेको छ । विगतमा कानून अनुसार प्राप्त हुने गरी तोकिएका कतिपय हकलाई यस पटक सिधै उपभोग गर्न सकिने गरी प्रस्ताव गरिएको छ । तर पनि विद्यमान अवस्थामा कतिपय हकको कार्यान्वयनका लागि कानूनको निर्माण आवश्यक देखिएकोले कानून बनाएर लागु गर्ने उल्लेख गरेका छौं । यस सन्दर्भमा राज्यले कानून नबनाएको वा बनाउन ढिलो गरेको कारण मौलिक हक कार्यान्वयन नहुने अवस्था नहोस् भन्ने उद्देश्यले मौलिक हकको कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरू नयाँ संविधान घोषणा भएको दुई वर्षभित्र बनाइसक्नु पर्ने गरी समितिले प्रस्ताव गरेको छ ।

मौलिक हकका वारेमा छलफल गर्दा माननीय सदस्यहरूका बीचमा केही विषयमा फरक कोणहरू देखा परेका छन् । मुलतः राजनीतिक दल खोल्ने स्वतन्त्रता, सम्पत्तिको हक, पश्चातदर्शी कानूनको व्यवस्था र सामाजिक न्याय सम्बन्धी हकमा देखा परेका ती फरक कोणलाई थप छलफलका लागि समितिले हार्दिकतापूर्वक यो प्रतिवेदनमा समावेस गरेको छ ।

**अध्यक्ष महोदय,**

**कर्तव्य** विनाको अधिकार अधुरो हुन्छ । त्यसैले हामी जति अधिकारको वारेमा सचेत र सजग छौं, त्योभन्दा बढी कर्तव्यका वारेमा सजग हुनुपर्दछ भन्ने अनुभूति समितिले गरेको छ । परिणामस्वरुप यो प्रतिवेदनमा नागरिकको मौलिक कर्तव्यको पनि व्यवस्था रहेको छ । समिति आशावादी छ, यसले नागरिकलाई आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारको हनन् नहोस् भन्ने कुरामा सचेत बनाउन मात्र होइन, हरदम कर्तव्यबोधमा पनि सहयोग गर्नेछ । समितिको अपेक्षा छ, मौलिक कर्तव्यको व्यवस्थाले आम नेपाली जनताले कल्पना गरेको नयाँ नेपाल बनाउने प्रक्रियामा नयाँ आयाम थप्न योगदान गर्नेछ ।

दृष्टिकोणमा रहेको भिन्नताले हरेक विषयमा फरक पार्नु स्वभाविक हो । फरक दृष्टिकोणको प्रतिविम्ब मौलिक कर्तव्यका सन्दर्भका पनि देखा परेको छ । यसै अनुरुप आएको फरक बिचारलाई छलफलका लागि प्रतिवेदन मार्फत सभा समक्ष प्रस्तुत गरिएको छ ।

**अध्यक्ष महोदय,**

**राज्यका निर्देशक सिद्धान्त र नीति**ले राज्यको चरित्र, भावी दिशा र त्यस क्रममा प्राप्त गर्ने लक्ष्यहरू निर्धारण गरेको हुन्छ । तर, विगतमा यसका वारेमा हुने गरेको गलत टिप्पणीका कारण राज्यका निर्देशक सिद्धान्त र नीति भनेको देखाउनका लागि मात्र हो भन्ने धारणा आम नागरिकहरूमा पर्दै आएको छ ।

राज्यका निर्देशक सिद्धान्त र नीतिको सन्दर्भमा रहँदै आएको यस किसिमको धारणा र टिप्पणीले समितिको ध्यान आकर्षित गरेको थियो जसका कारण यस भागलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने वारेमा समितिमा गम्भीर छलफल भएको र अन्ततः यस भागमा लेखिएका विषयहरू राज्यको लागि दिशा निर्देश गर्ने लक्ष्यका रुपमा रहने भएको कारण अदालतमा प्रश्न उठाउन नपाइने भए पनि जनताका प्रतिनिधि बीच वहसको विषय बन्नुपर्दछ र राज्यलाई उत्तरदायी बनाउनु पर्छ भन्ने निचोडमा समिति पुगेको कुरा जानकारी गराउन चाहन्छु । साथै राज्यको दायित्व अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्तहरू तथा राज्यका नीतिहरूको कार्यान्वयन गर्दै जाने विषय समावेश रहेको कुरा आग्रह गर्न चाहन्छु ।

यही निचोडलाई मूर्तरुप दिने सन्दर्भमा राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयनको सन्दर्भमा गरिएका काम र भएका उपलब्धि सहितको प्रगति प्रतिवेदन संघीय विधायिकामा हरेक वर्ष प्रस्तुत गर्ने र यसमाथि जनप्रतिनिधि बीच छलफल गरी जन सरोकारका विषयमा राज्यलाई थप जिम्मेवार, गम्भीर र क्रियाशील बनाउन पहल गर्नुपर्छ भन्ने प्रस्ताव प्रतिवेदनमा गरिएको छ । यसको थप प्रभावकारिताका लागि विधायिकी अनुगमन संयन्त्रको रुपमा संघीय विधायिकामा छुट्टै समिति गठन गर्ने र उक्त समितिले स्वतन्त्र रुपमा अनुगमन गर्ने व्यवस्था प्रस्ताव गरिएको कुरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । यो संविधान लागू भए पछि लिङ्ग र जातका आधारमा हुने सबै किसिमको विभेदहरूको अन्त्य हुनेछ साथै वर्ग र क्षेत्रका आधारमा रहँदै आएको असमानताको दूरी कम गर्दै समन्यायका आधारमा राज्यलाई लोककल्याणकारी बनाउँदै लान सकिने छ भन्ने विश्वास समितिले लिएको छ ।

अन्त्यमा, यो प्रतिवेदन तयारीको कार्यलाई सहजीकरण गर्नु भएकोमा संविधानसभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू तथा प्रतिवेदनको तयारी तथा लेखनको प्रकृयामा संलग्न रही सहजीकरण तथा सहयोग गर्नु हुने माननीय सदस्यहरू, सबै विषय विज्ञहरू, समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमा प्रश्नावली मार्फत तथा समिति र समितिको सचिवालय समक्ष सोभै सुझाव प्रस्तुत गर्नु हुने सरोकारवाला सरकारी तथा गैरसरकारी संघ संस्था, नागरिक समाज एवं सर्वसाधारण सबैलाई र प्रतिवेदन तयार पार्ने कार्यमा सहयोग गर्ने समिति सचिवालयका राष्ट्रसेवकहरू एवं सम्पूर्ण संविधानसभा सचिवालय परिवारलाई धन्यवाद दिन चाहन्छु । साथै, प्रतिवेदनका सम्बन्धमा रचनात्मक सुझावका लागि सम्बद्ध सवैमा हार्दिक आग्रह गर्दै सम्माननीय अध्यक्षज्यूका अनुमतिले समितिको तर्फबाट यो प्रतिवेदन संविधानसभामा पेश गर्दछु ।

**मिति** : २०६६।७२२

(बिन्दा पाण्डे)
सभापति

संविधानसभा
# मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

संसद-भवन, सिंहदरवार
मिति : २०६६।७।१८

प.सं. :०६६/०६७
च.नं.:

सम्माननीय अध्यक्षज्यू
संविधानसभा

विषय : समितिको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा प्रतिवेदन पेश गरेको बारे ।

संविधानसभा नियमावलीले दिएको जिम्मेवारी तथा कार्यक्षेत्रलाई मध्यनजर गर्दै **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले** तयार गरेको यो अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा प्रतिवेदन समितिको मिति २०६६।७।१८ को बैठकले पारित गरी सम्माननीय अध्यक्षज्यू मार्फत संविधानसभामा पेश गर्ने निर्णय समेत गरेकोले यो प्रतिवेदन प्रस्तुत गर्दछौं ।

| क्र.सं. | नाम | दस्तखत |
|---|---|---|
| १ | मा. श्री बिन्दा पाण्डे (सभापति) | |
| २ | मा. श्री अकलबहादुर थिङ | |
| ३ | मा. श्री अरविन्द साह | |
| ४ | मा. श्री आङदावा शेर्पा | |
| ५ | मा. श्री उमा रेग्मी | |
| ६ | मा. श्री उर्मिला थापा | |
| ७ | मा. श्री उर्मिला देवी साह | |
| ८ | मा. श्री उषाकला राई | |
| ९ | मा. श्री कर्णजीत बुढाथोकी | |
| १० | मा. श्री कमला रोक्का | |
| ११ | मा. श्री कुमार राई | |
| १२ | मा. श्री गगन थापा | |
| १३ | मा. श्री गणेश तिवारी नेपाली | |
| १४ | मा. श्री चन्द्रप्रसाद गजुरेल | |
| १५ | मा. श्री चन्द्रिकाप्रसाद यादव | |

| | | |
|---|---|---|
| १६ | मा. श्री तिलकबहादुर थापा मगर | |
| १७ | मा. श्री दालकुमारी सुनवार | |
| १८ | मा. श्री धर्मराज निरौला | |
| १९ | मा. श्री धिरेन्द्रबहादुर श्रेष्ठ | |
| २० | मा. श्री नन्दनकुमार दत्त | |
| २१ | मा. श्री परशुराम रम्तेल | |
| २२ | मा. श्री पूजा खनाल | |
| २३ | मा. श्री प्रदीपकुमार झबाली | |
| २४ | मा. श्री भूपेन्द्र चौधरी | |
| २५ | मा. श्री मणि (खम्बु) किराती | |
| २६ | मा. श्री महा नेपाली | |
| २७ | मा. श्री महालक्ष्मी अर्याल उपाध्याय | |
| २८ | मा. श्री मोहमद सफिक मिया | |
| २९ | मा. श्री रमेश लेखक | |
| ३० | मा. श्री राजकाजी महर्जन | |
| ३१ | मा. श्री राजेन्द्र महतो | |
| ३२ | मा. श्री रामकृष्ण यादव | |
| ३३ | मा. श्री रामप्रित पासवान | |
| ३४ | मा. श्री लालमणी चौधरी | |
| ३५ | मा. श्री लीला न्याइच्याई | |
| ३६ | मा. श्री विष्णुप्रसाद चौधरी थारु | |
| ३७ | मा. श्री शिवचन्द्र प्रसाद कुशवाह | |
| ३८ | मा. श्री सत्य पहाडी | |
| ३९ | मा. श्री सावित्रीकुमार काफ्ले | |
| ४० | मा. श्री सीतादेवी बौडेल | |
| ४१ | मा. श्री सीता पोखरेल | |
| ४२ | मा. श्री सुनीलबाबु पन्त | |
| ४३ | मा. श्री हेमराज भण्डारी | |

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| | **प्रारम्भिक मस्यौदा खण्ड** | |
| क | नागरिकता सम्बन्धी मस्यौदा | १ |
| ख | मौलिक हक सम्बन्धी मस्यौदा | १३ |
| ग | मौलिक कर्तव्य सम्बन्धी मस्यौदा | ५९ |
| घ | राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी मस्यौदा | ६२ |
| | **फरक मत खण्ड** | ९२ |

**अवधारणापत्र खण्ड**

**भाग - एक**

**प्रारम्भिक**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १२५ |
| १.२ | समितिको गठन | १२६ |
| १.३ | समितिको कार्यक्षेत्र | १२७ |
| १.४ | अवधारणापत्रको उद्देश्य | १२८ |
| १.५ | प्रतिवेदनको सीमा | १२९ |

**भाग - दुई**

**अवधारणापत्र**

**परिच्छेद - एक**

**नागरिकता सम्बन्धी व्यवस्था**

| | | |
|---|---|---|
| २.१.१ | नागरिकताको अवधारणा | १३० |
| २.१.२ | नागरिकताको विकास | १३१ |
| २.१.३ | नागरिकता र राष्ट्रियता | १३२ |
| २.१.४ | नागरिकता प्राप्तिका आधारहरू | १३२ |
| २.१.५ | नागरिकता समाप्तिका आधारहरू | १३३ |
| २.१.६ | सम्मानार्थ नागरिकता | १३४ |
| २.१.७ | संघीय संरचना र नागरिकता | १३४ |
| २.१.८ | बहुनागरिकता प्रणाली | १३५ |
| २.१.९ | प्रवासी (Diaspora) र नागरिकता | १३६ |
| २.१.१० | नागरिकता र अन्तर्राष्ट्रिय कानून | १३७ |
| २.१.११ | केही संविधानहरूको तुलनात्मक अध्ययन | १३८ |

| | | |
|---|---|---|
| २.१.१२ | नागरिकता सम्बन्धी नेपालको संवैधानिक व्यवस्था | १३९ |
| २.१.१३ | नागरिकता सम्बन्धमा नेपालको न्यायिक दृष्टिकोण | १४० |
| २.१.१४ | नागरिकता सम्बन्धी अभ्यास | १४२ |
| २.१.१५ | निष्कर्ष | १४३ |


## परिच्छेद - दुई

## मौलिक हक सम्बन्धी व्यवस्था

(मौलिक हकको पहिचान, बन्देजका आधार र कार्यान्वयन सम्बन्धी व्यवस्था)


| | | |
|---|---|---|
| २.२.१ | अवधारणा | १४७ |
| २.२.२ | मौलिक हकको पहिचान | १५० |
| २.२.२.१ | सम्मानपूर्वक बाँच्न पाउने हक | १५१ |
| २.२.२.२ | स्वतन्त्रताको हक | १५५ |
| २.२.२.२.१ | वैयक्तिक स्वतन्त्रताको हक | १५७ |
| २.२.२.२.२ | विचार र अभिव्यक्तिको स्वतन्त्रता | १६० |
| २.२.२.२.३ | बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता | १६३ |
| २.२.२.२.४ | संघ संस्था खोल्ने स्वतन्त्रता | १६६ |
| २.२.२.२.५ | राजनीतिक दल खोल्ने स्वतन्त्रता | १६९ |
| २.२.२.२.६ | नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता | १७४ |
| २.२.२.२.७ | कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता | १७७ |
| २.२.२.३ | समानताको हक | १८० |
| २.२.२.४ | आम सञ्चार सम्बन्धी हक | १८९ |
| २.२.२.५ | न्याय सम्बन्धी हक | १९४ |
| २.२.२.५.१ | पक्राउको कारण सहितको सूचना पाउने हक | १९६ |
| २.२.२.५.२ | कानून व्यवसायीको सल्लाह लिन पाउने हक | १९८ |
| २.२.२.५.३ | मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुन पाउने हक | २०१ |
| २.२.२.५.४ | अतितप्रभावी कानून विरुद्धको हक | २०३ |
| २.२.२.५.५ | निर्दोषिताको अनुमानको हक | २०७ |
| २.२.२.५.६ | दोहोरो खतरा विरुद्धको हक | २०९ |
| २.२.२.५.७ | आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने हक | २१३ |
| २.२.२.५.८ | कारवाहीको जानकारी पाउने हक | २१७ |
| २.२.२.५.९ | स्वच्छ सुनुवाईको हक | २१८ |
| २.२.२.५.१० | नि:शुल्क कानूनी सहायताको हक | २२३ |

| | | |
|---|---|---|
| २.२.२.६ | अपराधका पीडितको हक | २२६ |
| २.२.२.७ | यातना विरुद्धको हक | २२९ |
| २.२.२.८ | निवारक नजरबन्द विरुद्धको हक | २३२ |
| २.२.२.९ | छुवाछुत तथा भेदभाव विरुद्धको हक | २३५ |
| २.२.२.१० | सम्पत्तिको हक | २४१ |
| २.२.२.११ | धार्मिक स्वतन्त्रताको हक | २४६ |
| २.२.२.१२ | सूचनाको हक | २५० |
| २.२.२.१३ | गोपनीयताको हक | २५३ |
| २.२.२.१४ | शोषण विरुद्धको हक | २५६ |
| २.२.२.१५ | वातावरण सम्बन्धी हक | २६० |
| २.२.२.१६ | शिक्षा सम्बन्धी हक | २६५ |
| २.२.२.१७ | भाषा तथा संस्कृति सम्बन्धी हक | २७१ |
| २.२.२.१८ | रोजगारी सम्बन्धी हक | २७६ |
| २.२.२.१९ | श्रम सम्बन्धी हक | २८० |
| २.२.२.२० | स्वास्थ्य सम्बन्धी हक | २७६ |
| २.२.२.२१ | खाद्य सम्बन्धी हक | २९२ |
| २.२.२.२२ | आवास सम्बन्धी हक | २९६ |
| २.२.२.२३ | महिला सम्बन्धी हक | ३०१ |
| २.२.२.२४ | बालबालिका सम्बन्धी हक | ३०६ |
| २.२.२.२५ | दलित समुदाय सम्बन्धी हक | ३१३ |
| २.२.२.२६ | परिवार सम्बन्धी हक | ३१९ |
| २.२.२.२७ | सामाजिक न्यायको हक | ३२३ |
| २.२.२.२७.१ | महिला समुदाय | ३३५ |
| २.२.२.२७.२ | दलित समुदाय | ३३६ |
| २.२.२.२७.३ | मधेशी समुदाय | ३३६ |
| २.२.२.२७.४ | मुस्लिम समुदाय | ३३८ |
| २.२.२.२७.५ | बालबालिका | ३३९ |
| २.२.२.२७.६ | युवा | ३३९ |
| २.२.२.२७.७ | जेष्ठ नागरिक | ३४३ |
| २.२.२.२७.८ | अपाङ्गता भएका व्यक्ति | ३४६ |
| २.२.२.२७.९ | अल्पसंख्यक तथा सीमान्तकृत समुदाय | ३४९ |
| २.२.२.२७.१० | आदिवासी, जनजाति समुदाय | ३५० |
| २.२.२.२७.११ | मजदूर/श्रमजीवि वर्ग | ३५४ |
| २.२.२.२७.१२ | किसान | ३५५ |

| | | |
|---|---|---|
| २.२.२.२७.१३ | उत्पीडित क्षेत्र | ३५६ |
| २.२.२.२७.१४ | विपन्न वर्ग | ३५८ |
| २.२.२.२७.१५ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय | ३५९ |
| २.२.२.२८ | सामाजिक सुरक्षा सम्बन्धी हक | ३६३ |
| २.२.२.२९ | उपभोक्ताको हक | ३६७ |
| २.२.२.३० | देश निकाला विरुद्धको हक | ३७३ |
| २.२.२.३१ | मौलिक हकको कार्यान्वयन तथा संवैधानिक उपचारको हक | ३७५ |
| २.२.३ | मौलिक हकमा बन्देजका आधार | ३८० |
| २.२.४ | संकटकालीन अवस्था र मौलिक हक | ३८५ |
| २.२.५ | मौलिक हकको कार्यान्वयन सम्बन्धी व्यवस्था | ३९१ |


## परिच्छेद - तीन
## मौलिक कर्तव्य सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| २.३.१ | मौलिक कर्तव्य सम्बन्धी अवधारणा | ३९७ |
| २.३.२ | विधिशास्त्रीय अवधारणा | ३९७ |
| २.३.३ | अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था | ३९८ |
| २.३.४ | केही संविधानहरूको तुलनात्मक अध्ययन | ३९८ |
| २.३.५ | नेपालको संवैधानिक अभ्यास | ३९९ |
| २.३.६ | निष्कर्ष | ४०० |


## परिच्छेद - चार
## निर्देशक सिद्धान्त सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| २.४.१ | अवधारणा | ४०१ |
| २.४.२ | निर्देशक सिद्धान्त र नीतिको विकास | ४०२ |
| २.४.३ | आवश्यकता, औचित्य र महत्व | ४०४ |
| २.४.४ | मौलिक अधिकार, राज्यका निर्देशक सिद्धान्त र नीतिबीचको सम्बन्ध | ४०५ |
| २.४.५ | राज्यको दायित्व सम्बन्धी व्यवस्था | ४०६ |
| २.४.६ | केही संविधानहरूको तुलनात्मक अध्ययन | ४०७ |
| २.४.७ | नेपालको संवैधानिक अभ्यास | ४०८ |
| २.४.८ | निर्देशक सिद्धान्त र नेपालको न्यायिक अभ्यास | ४१० |
| २.४.९ | निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयन सम्बन्धी व्यवस्था | ४११ |
| २.४.१० | निष्कर्ष | ४१२ |

## अनुसूचीको विवरण


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिका माननीय सदस्यहरू | ४१६ |
| २. | समितिको कार्यक्षेत्र, कार्यक्षेत्रको विस्तृतीकरण, कार्य विवरण र कार्यतालिका | ४१८ |
| ३. | जनमत संकलनका लागि समितिबाट पारित भएको प्रश्नावली | ४२६ |
| ४. | २०६५ फागुन-चैत्रमा जनमत संकलन समिति मार्फत तथा सोझै समितिमा जनताबाट प्राप्त राय सुझावको सारसंक्षेप | ४२८ |
| ५. | उपसमितिहरूको गठन तथा कार्य विवरण | ४६२ |
| ६. | संविधानसभा, समिति सचिवालयसँग आबद्ध पदाधिकारी तथा कर्मचारीहरूको नामावली | ४६८ |
| ७. | समितिका बैठक र निर्णयहरूको संक्षेपीकरण | ४६९ |
| ८. | उपसमितिका बैठक र निर्णयहरूको संक्षेपीकरण | ४७७ |
| ९. | समिति तथा उपसमितिसँग विषयगतरुपमा भएका थप अन्तरक्रियाको विवरण | ४९१ |
| १०. | समिति र उपसमितिमा प्रस्तुतिकरणका लागि सहभागी हुनु भएका विज्ञ र सरोकारबालालाई दिइएको धन्यवाद पत्रको नमूना | ४९२ |
| ११. | समिति तथा उपसमिति समक्ष विषयगत छलफलमा सहभागी हुनु भएका व्यक्तित्वहरूको नामावली | ५०३ |
| १२. | संविधानसभा सदस्यहरूको (२०६५ फागुण-चैत्र) राय सुझाव संकलन टोलीबाट प्राप्त मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिसँग सम्बन्धित सुझावहरू | ५१४ |
| १३. | यस समितिमा सुझाव दिने विभिन्न संघ संस्थाको नामावली र सुझावको मूल विषय | ५३६ |
| १४. | इमेल, हुलाक, टोलफ्रि टेलिफोन लगायतका माध्यमबाट व्यक्तिगत रुपमा प्राप्त सुझावहरु | ५६० |